।।श्री।।

# झापा जिल्ला अदालत

## भद्रपुर, झापा

(तहसिल शाखा)

फोन नं. :- ०२३-४५२०८९, ४५२७३१
E-mail :- tahasil.dcjhapa@supremecourt.gov.np
Website:- www.supremecourt.gov.np
भद्रपुर, झापा, १ नं. प्रदेश, नेपाल ।

पत्र संख्या :-२०८०/०८१
चलानी नं :-TH/ 9692
प्राप्त प.सं. र मितिः-

मितिः२०८०।१०।१६

**विषयः- दशीका सामानहरु(साईकल) फिर्ता लिन आउने बारेको अत्यन्त जरुरी सूचना।**
**सूचना प्रकाशित मितिः-२०८०।१०।१६**

उपर्युक्त सम्बन्धमा यस अदालतमा चलेका विभिन्न फौजदारी मुद्दाहरुमा विभिन्न मितिमा दशी स्वरुप दाखिल हुन आई यस अदालतको जिन्सीमा आम्दानी बाँधिएका सवारी साधनहरुको जिन्सी व्यवस्थापन कार्य भईरहेकोले कानून र अन्तिम फैंसलाले फिर्ता दिने ठहर भएका सवारी साधन(साईकल) सम्बन्धमा १ महिना भित्र प्रमाण सहित फिर्ता लिन आउनुहोला ।दशीको सवारी साधन(साईकल)को हकमा फैसलामा केही उल्लेख नभएको, सवारी धनी पत्ता नलागेको तथा जफतको दावी समेत नभएको खण्डमा त्यस्ता सवारी साधन(साईकल) फिर्ता लैजान चाहे प्रमाण सहित दावी गर्न आउनुहोला। साथै मुद्दा चल्दा चल्दै अवस्थाको सवारी साधन(साईकल)को हकमा समेत मूल्याङ्कन बमोजिमको रकम तिरी फिर्ता लैजान चाहे लिन आउनुहोला।यसरी फिर्ता लिन नआए उल्लिखित अवधि पछि कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का नियन्त्रण र जफत)ऐन,२०७० बमोजिम मूल्याङ्कन गरी उक्त सवारी साधन(साईकल)हरु लिलाम बिक्री गरी रकम धरौटीमा आम्दानी बाँधिने र एक बर्ष भित्र समेत लिन नआए राजस्वमा दाखिला भई जाने व्यहोरासमेत सम्बन्धित सबैमा मिति २०८०/१०/१६ को निर्णय अनुसार जानकारी गराइएको छ ।

**नोटः- यस अदालतको जिन्सीमा आम्दानी बाधिँएका अन्य सामाग्री तथा सवारी साधनहरुको बारेमा निर्णय भएपश्चात यसै विषय बमोजिमको अर्को सूचना प्रकाशित गरिनेछ।**

२०८०।१०।१६
..............................
सुभाश चन्द्र दाहाल
तहसिलदार(शाखा अधिकृत)

तहसिलदार
शाखा अधिकृत